ठाटीकाँध गाउँपालिका
लकान्द्र, दैलेख
कर्णली प्रदेश ,नेपाल
स्थानीय राजपत्र

| खण्ड ८ | (सँख्या १) | साउन,०६ गते २०८२ साल |
|---|---|---|

भाग २

ठाटीकाँध गाउँपालिकाको गाउँ सभाको मिति २०८२ असार १० गते स्वीकृत भएको देहाय बँमोजिमको ऐन स्थानीय सरकार सँचालन ऐन ,२०७४ बँमोजिम सर्वसाधारणहरुको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# ठाटीकाँध गाउँपालिकाको आ.व २०८२।०८३ को आर्थिक कार्य संचालन तथा व्यवस्था गर्न बनेको,आर्थिक ऐन, २०८२

**प्रस्तावनाः** ठाटीकाँध गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम ठाटीकाँध गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

यस ऐनको नाम "आर्थिक ऐन, २०८२" रहेको छ ।
यो ऐन २०८२ साल श्रावण १ गतेदेखि ठाटीकाँध गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

**२. सम्पति कर (११३१३)**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (१)बमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर/ मालपोत (११३१४)**

गाउँपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

**४. घर/जग्गा वहाल कर (११३२१)**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. बहाल बिटौरी कर (११३२२)**

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार वा पसलमा सभाले निर्णय गरे अनुसार अनुसूची ४-बमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**६. सवारी साधन कर (११४५१)**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधन टाङ्गा, रिक्सा, अटोरिक्सा, इ-रिक्सा जस्ता सवारी साधनमा अनुसूची (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

**७. मनोरञ्जन कर (३३३४२)**

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन सेवामा अनुसूची (६) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ

**८. विज्ञापन कर (३३३४३)**

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

**९. व्यवसाय कर (१४६११)**

(१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।
(२) उपदफा (१) बमोजिम उद्योग, ब्यापार, व्यवसाय तथा सेवा संचालन गर्न चाहने व्यक्ति वा संस्थालाई ब्यवसाय दर्ता गरी ब्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त ब्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण तथा खारेजी गर्नु पर्नेछ ।
(३) उपदफा (२) बमोजिमको इजाजत विना गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन ।

**१०. जडिबुटी, कवाडी र मृत जीवजन्तु कर (११६३२)**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची (९) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

**११. अनुमति दस्तुर/प्रशासनिक सेवा शुल्क** (१४२२९)

ठाटीकाँध गाउँपालिका भित्र कानून बमोजिम प्राकृतिक स्रोत उत्खनन् तथा ओसार पसार गर्ने सावारी साधन तथा गाउँपालिकामा सूचिकृत निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक अनुसूची (१०) बमोजिम बार्षिक अनुमति दस्तुर लगाईने छ । सो को लागि सरोकारवालाले गाउँपालिकामा सूचिकृत गर्नु पर्नेछ । विद्युतीय बोलपत्र तथा अन्य सिलबन्दी दरभाउपत्रमा सामेल हुनेलाई सूचिकृत हुनुपर्दैन ।

**१२. पार्किङ शुल्कः(१४२४१)**

गाउँपालिका वा गाउँपालिकाले निर्माण गरेको पार्किङ्ग सेड भित्र क्षेत्रभित्र वा कुनै मेला महोत्सव आयोजना भएमा सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत सभाले निर्णय गरे अनुसार अनुसूची ११-बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

**१३. ढुङ्गा, गिट्टी, बालुवा, भष्कट, माटो आदि नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोतको शुल्क** (३३३६६)

ठाटीकाँध गाउँपालिका भित्रका नदी, बगर,नदी किनारा, निजी सम्पत्ति आदि क्षेबाट ढुङ्गा, गिट्टी, बालुवा, भष्कट, माटो, मिष्कट आदि नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोतको उत्खनन्, संकलन र विक्री वितरण गर्दा मु.अ.कर र अग्रिम आयकर बाहेक अनुसूची (१२) बमोजिम बिक्री तथा निकासी शुल्क कर्णाली प्रदेशले तोकेबमोजिम कर लगाईनेछ ।

**१४. सेवा शुल्क, तथा दस्तुर** (१४२१९)

ठाटीकाँध गाउँपालिकाले वस्तु तथा सेवा प्रदान गरे वापत अनुसूची (१३) बमोजिम सेवा,शुल्क तथा दस्तुर लगाउने र असुलउपर गर्नेछ ।

**१५ . व्यक्तिगत घटना दर्ता (१४२४४)/ नाता प्रमाणित दस्तुर(१४२४५)**

ठाटीकाँध गाउँपालिकाले जन्म मृत्यु बसाईसराई जस्ता व्यक्तिगत घटना संग सम्बन्धित दस्तुर लगाई असुलउपर गर्नेछ । गाउँपालिकाले अनसूचि (१४) बमोजिम व्यक्तिगत घटना दस्तुर तथा नाता प्रमाणित दस्तुर लगाउने र असुल उपर गर्नेछ ।

**१६. प्रशासनिक जरिवाना, विलम्ब शुल्क तथा पुरस्कार** (१४३१२)

(१) यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईनेछैन ।

(२) गाउँपालिकाले अनुसूची (१५)बमोजिम जरिवाना,विलम्ब शुल्क लगाउने र असुल उपर गर्नेछ ।

(३) नदीजन्य पदार्थ तथा निजी जग्गाको माटो उत्खनन्, विक्री तथा ओसारपसार कार्य गर्दा कानून अनुसार अनुमति नलिई अबैध रुपमा गर्ने कार्यलाई निरुत्साहित गर्न तथा आन्तरिक राजस्व बृद्धि सुराकी तथा सुरक्षाकर्मीलाई कार्यपालिकाले कार्यविधि वनाई उचित पुरस्कारको ब्यवस्था गर्न सक्नेछ ।

## १७. प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन शुल्क(१४५२१)

ठाटीकाँध गाउँपालिकामा सञ्चालन भएका जल प्रदुषण वायु प्रदुषण मानव स्वास्थ्यलाई प्रतिकूल असर पार्ने उद्योग तथा व्यवसायहरु तथा बजार क्षेत्र बाट निस्कने फोहोरमैलालाई व्यवस्थापन गर्न बार्षिक करको अतिरिक्त अनुसूची (१६) बमोजिम प्रदुषण नियन्त्रण तथा फोहोर व्यवस्थापन शुल्क लगाइनेछ ।

## १८. कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

## १९. कर छुट तथा मिनाह सम्बन्धि व्यवस्था

यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका कुनै पनि व्यक्ति वा संस्था लाई कर छुट दिइने छैन तर तपसील बमोजिमका व्यक्तिलाई कर छुट दिन सकिनेछ ।

क) क र ख वर्गका अपांगहरुको लागि ५०%

ख) जेष्ठ नागरिक वर्गको लागि ५०%

ग) एकल महिला लागि ५०%

घ) अन्य महिलाको लागि २५%

तर

**नोट : विशेष अवस्थामा कुनै व्यक्ति वा संस्थाको निवेदन प्राप्त भएमा कार्यपालिकाले कुल वक्यौताको २० प्रतिशत भन्दा नबढ्ने गरी छुट दिन सक्नेछ ।**

## २० .नियम वा कार्यविधि बनाउने अधिकार / बचाउ :

(१)  ऐनको उद्देश्य पुरा गर्न गाउँपालिकाले आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

(२) विभिन्न दफामा उल्लेखित कर, दस्तुर, सेवाशुल्क वा जरिवाना आदिमा कुनै शीर्षक छुटेको पाइएमा गाउँसभाले निर्णय गरी त्यस्तो शीर्षक थप गर्न तथा कर, दस्तुर, सेवाशुल्क, जरिवाना निर्धारण गरी असुल उपर गर्न सक्नेछ

(३) यस ऐनको कुनै दफा तथा अनुसूचि संघीय सरकार, प्रदेश सरकारको ऐन प्रतिकूल भएमा प्रतिकूल भएको हदसम्म अमान्य हुनेछ

## अनुसूचि — १
### (दफा २ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने सम्पत्ति कर तथा घर कर

| सि.नं. | राजस्व शीर्षकको विवरण करयोग्य सम्पत्ति करको | आ ब २०८२।०८३ दर (रु मा) |
|---|---|---|
| १ | प्रति कच्ची घर प्रति वर्ग फुट | ०.०३ |
| २ | पक्की घर प्रति वर्ग फुट | ०.०५ |

## अनुसूचि — २
### (दफा ३ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने भूमि कर (मालपोत)

| सि.नं. | जग्गाको प्रकार | आव २०८२।०८३ करको दर |
|---|---|---|
| १. | प्रति रोपनी चाहार जग्गा | रु.१०। |
| २. | प्रति रोपनी सिम जग्गा | रु.१५ |
| ३. | प्रति रोपनी दोयम जग्गा | रु.२० |
| ४. | प्रति रोपनी अव्वल जग्गा | रु.२५ |

## अनुसूचि — ३
### (दफा ४ संग सम्बन्धित)
### गाउँपालिकाले लगाउने घर तथा जग्गा वहाल कर

| क्र.सं. | विवरण | आव २०८२।०८३ करको दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, विद्यालय, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा बहाल दिएकोमा बहाल कर | बहाल रकमको १० प्रतिशत |

## अनुसुची ४
### दफा ५ सँग सम्बन्धित

## बहाल बिटौरी कर ११३२२

गाउँपालिकाले सञ्चालन रेखदेख गर्नुपर्ने हाटबजारजग्गा/ तथा पोखरीहरुमा तथा पालिका क्षेत्र भित्र पर्ने कानुन बमोजिम स्विकृत नलिइ बनाएका संरचना वापत लिने तपसील अनुसारका बहाल बिटौरी कर लगाइ असुल गरिनेछ ।

| क्र.सं. | विवरण | आ.व ०८२।०८३ |
|---|---|---|
| १ | **गाउँपालिका क्षेत्रभित्र निर्माण भएको कानुन बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वा पर्ति जग्गामा निर्माण भएको संरचनाको प्रति संरचना** | |
| १.१ | पक्की ढलान | 500 |
| १.२ | पक्की टीन/पत्थर | 300 |
| १.३ | कच्ची टीन/पत्थर/खर | 150 |
| २ | **गाउँपालिका क्षेत्रभित्र रहेका कानुन बमोजिम स्वामित्व प्राप्त नगरेको ऐलानी वा पर्ति जग्गामा प्रति रोपनी बहाल विटौरी शुल्क बार्षिक** | **50** |
| ३ | **गाउँपालिका क्षेत्रभित्र विभिन्न चाडपर्वहरुमा पसल राख्ने व्यावसायीलाई प्रतिदिन बहाल बिटौरी शुल्क** | **100** |

## अनुसुची ५
### (दफा ६ सँग सम्बन्धित)
### गाउँपालिकामा दर्ता भई संचालन हुने सवारी साधन कर

| क्र.सं. | बार्षिक सवारी कर | आ.व ०८२।०८३ |
|---|---|---|
| १. | अटो रिक्सा तथा ई रिक्सा | ५०० |
| २. | नवीकरण | २५० |

## अनुसुची ६
### (दफा ७ सँग सम्बन्धित)
### मनोरञ्जन कर

| क्र.सं. | विवरण | आ.व 08२।0८३ |
|---|---|---|
| १ | केवुल नेटवर्क सर्भिस | २००० |

| | | |
|---|---|---|
| २ | **सर्कस तथा खेल तमासा, रमाईलो मेला/जात्रा** | |
| २.१ | दैनिक (रमाईलो मेला तथा सर्कस/तमासा/जात्रा) | ५०० |

**अनुसुची ७**

**(दफा ८ सँग सम्बन्धित)**

**विज्ञापन करको दर (बार्षिक)**

| **क्र.सं.** | **विवरण** | **आ.ब ०८२।०८३** |
|---|---|---|
| 1 | होडिंग वोर्ड, फ्लेक्स वोर्ड प्रति वर्ग फिट | 85 |
| 2 | ग्लो साइनवोर्ड, नियोन साइनवोर्ड, विधुतीय वोर्डहरु प्रति वर्ग फिट | 150 |
| 3 | भित्ते लेखन, सटर पेन्टिंग प्रति वर्ग फिट | 10 |
| 4 | स्टल, गेट (चांडपर्व, मेला महोत्सव) दैनिक | 350 |
| 5 | वेलुन, व्यानर प्रति हप्ता | 300 |
| 6 | ब्यवसायिक दृष्टीले गाडी बाट माईकिंग गर्दा प्रतिदिन | 200 |
| 7 | ब्यवसायिक दृष्टीले रिक्सा टांगा र टेम्पो बाट प्रतिदीन | 100 |
| 8 | मादक पदार्थ एवं धुम्रपानको बिज्ञापनमा | 25 % थप |

**नोटः निजी वा सार्वजनिक स्थानमा होर्डिड. वोर्ड राख्दा यस कार्यालयको पूर्व स्वीकृति लिई राख्नुपर्नेछ ।**

अनुसुची ८

**दफा ९ सँग सम्बन्धित)**

**(व्यवसाय कर )**

**(बार्षिक/पटके)**

**क.व्यवसाय दर्ता/ अभिलेखीकरण/खारेजी तथा नवीकरण शुल्क : घरेलु तथा उद्योग वाणिज्यले तोके बमोजिम हुनेछ ।**

ख. व्यवसाय कर बार्षिक/पटके

| क्र.सं. | विवरण | आ.ब ०८२।०८३ |
|---|---|---|
| १ | होटल/लज/रेष्टुरेन्ट/खाजा/नास्ता पसल/मिठाई पसल | |
| १.१ | सामान्य चिया नास्ता पसल | ५०० |
| १.२ | होटल/लज/रेष्टुरेन्ट/खाजा/नास्ता पसल/मिठाई पसल | १००० |
| २ | उद्योग व्यवसाय | |
| २.१ | काठ चिर्ने बेच्ने समिल/प्लाईउड उद्योग | ८०० |
| २.२ | सिस्नो प्रशोधन उद्योग | ३०० |
| २.३ | छाला जुत्ता उद्योग पसल | ३०० |
| २.४ | जडिवुडि प्रशोधन उद्योग | ३०० |
| २.५ | दुध डेरी तथा छुप्री उद्योग | ३०० |
| २.६ | आधुनिक सेलर राईस प्लान्ट राखी चामल, दाल, पीठो पिसानी र पेलानी समेत भएको जुनसुकै मिल | ५०० |
| ३ | माछा मासु तथा अण्डा बिक्रेता | |
| ३.१ | खसी/कुखुरा/बंगुर/सुगुर/राँगा/माछा आदिको बिक्रेता अण्डा समेत | ४०० |
| ४ | फलफुल तथा तरकारी पसल | |
| ४.१ | फलफुल तथा तरकारीको थोक बिक्रेता | ५०० |
| ४.२ | फलफुल तथा तरकारीको खुद्रा बिक्रेता | २५० |
| ५ | सुन चाँदी पसल | |
| ५.१ | सुन चाँदी लगायत बहुमुल्य गहना बिक्रेता | ३००० |
| ५.२ | सुन चाँदीको गर गहना मर्मत पसल | १००० |
| ६ | औषधी उपचार जन्य/पशुपंक्षी आहार पसल | |
| ६.१ | औषधीको खुद्रा बिक्रेता ५ लाख सम्म | ५०० |
| ६.२ | औषधीको खुद्रा बिक्रेता ५ लाख देखि १० लाख सम्म | ७५० |
| ६.३ | औषधीको खुद्रा बिक्रेता १० लाख भन्दा माथि | १००० |
| ६.४ | डेन्टल क्लिनिक | १००० |
| ६.५ | सामान्य एग्रोभेट पसल | ५०० |
| ६.६ | ल्याब सहितको मेडिकल हल | १५०० |
| ६.७ | आँखा जाचँ सहितको पसल | ५०० |

| | | |
|---|---|---|
| ६.८ | पशुपंक्षीको दानाको खुद्रा बिक्रेता | ५०० |
| ७ | ईन्स्टिच्युट/प्रतिष्ठान/तालिम केन्द्र | |
| ७.१ | फोटोकपी तथा ईमेल ईन्टरनेट पसल | २५० |
| ७.२ | ईन्स्टिच्युट/ट्युसन सेन्टर | ५०० |
| ७.३ | पुस्तक पसल तथा स्टेशनरी पसल | २०० |
| | **निजि विद्यालयहरुको हकमा** | |
| ७.४ | कक्षा १ सम्म संचालन | १००० |
| ७.५ | कक्षा २ देखि ८ सम्म संचालन प्रति कक्षा | २००० |
| ७.६ | माध्यमिक तह कक्षा ९ देखि १० सम्म प्रति कक्षा | २५०० |
| ७.७ | माध्यमिक तह कक्षा ११ देखि १२ सम्म प्रति कक्षा | ३००० |
| ७.८ | तालिम तथा अनुसन्धान केन्द्र | २५०० |
| ७.९ | कम्प्युटर टाइपिङ तालिम तथा भाषा कक्षा | १५०० |
| ८ | मदिराजन्य तथा सुर्तीजन्य पसल | |
| ८.१ | मदिराजन्य पदार्थ थोक बिक्रेता | १५००० |
| ८.२ | मदिराजन्य पदार्थको खुद्रा बिक्रेता | ५००० |
| ८.३ | पान तथा सुर्तिजन्य पसल | १५०० |
| ९ | सिलाई/टेलरिङ्ग तथा कपडा धुलाई | |
| ९.१ | समान्य सिलाई कटाई पसल | ३०० |
| १० | सैलुन/ब्युटीपार्लर/कस्मेटिक पसल | |
| १०.१ | सामान्य सैलुन/ब्युटीपार्लर/कसमेटिक पसल कस्मेटिक खुद्रा पसल | ३०० |
| ११ | ईलेक्ट्रोनिक/हार्डवेयर/मोबाईल पसल/भाँडा पसल/कपडा पसल | |
| ११.१ | मोबाईल तथा इलेक्ट्रोनिक खुद्रा पसल | ५०० |
| ११.२ | ५ लाखसम्म /विजुली पसल | १००० |
| ११.३ | ५ लाख देखि १० लाख सम्मको/विजुली पसल | १५०० |
| ११.४ | १० लाख देखि माथिको हकमा/विजुली पसल | २००० |
| ११.५ | १ लाख देखि २ लाख ५० हजार सम्म/कपडा पसल | २५० |
| ११.६ | २ लाख ५० हजार देखि ५ लाख सम्म/कपडा पसल | ३५० |
| ११.७ | ५ लाख देखि १० लाख सम्मको/कपडा पसल | ५०० |
| ११.८ | १० लाख देखि माथिको हकमा/कपडा पसल | १००० |
| ११.९ | १ लाख देखि २ लाख ५० हजार सम्म/भाँडा पसल | ३०० |

| | | |
|---|---|---|
| ११.१० | २ लाख ५० हजार देखि ५ लाख सम्म/भाँडा पसल | ५०० |
| ११.११ | ५ लाख देखि १० लाख सम्मको/भाँडा पसल | ७५० |
| ११.१२ | १० लाख देखि माथिको हकमा/भाँडा पसल | १००० |
| | नोटः माथि उल्लेखित पसलमा मर्मत केन्द्र जोडिएको लाई थप | २०० |
| १२ | निर्माण व्यवसायी/यातायात व्यवसायी/ढुवानी तथा ट्रान्सपोर्ट व्यवसायी | |
| १२.१ | क बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | 40000 |
| १२.२ | ख बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | ३०००० |
| १२.३ | ग बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | २०००० |
| १२.४ | घ बर्गको प्रधान कार्यालय भएको निर्माण व्यवसायी | १५००० |
| १२.५ | क बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | ३0000 |
| १२.६ | ख बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | २५000 |
| १२.७ | ग बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | २०००० |
| १२.८ | घ बर्गको स्थानीय कार्यालय भएको निर्माण व्यवसायी | १५००० |
| १२.९ | प्रधान कार्यालय भएको यातायात व्यवसायी | २००० |
| १२.१० | शाखा कार्यालय भएको यातायात व्यवसायी | १५०० |
| १२.११ | साना जीप टेम्पो अटोको स्थानीय कार्यालय भएको व्यवसायी | १००० |
| १३ | सेवा तथा परामर्श सम्बन्धी | |
| १३.१ | सामान्य लेखापढी व्यवसायी | 800 |
| १३.२ | क श्रेणीको लेखापरीक्षण व्यवसाय | 3500 |
| १३.३ | ख श्रेणीको लेखापरीक्षण व्यवसाय | 1500 |
| १३.४ | ग र घ श्रेणीको लेखापरीक्षण व्यवसाय | 800 |
| १३.५ | कन्सल्टेन्सी/ईन्जिनियर/प्राविधिक सेवा व्यवसाय | 7500 |
| १३.६ | टेन्ट हाउस तथा साउण्ड सिस्टम र डिजे भएको पसल | 3500 |
| १३.७ | माईक/बिजुली डेकोरेसन/बैण्ड बाजा पसल | 1800 |
| १३.८ | सटरिङ तथा फर्मा | 800 |
| १४ | बैङ्क तथा वित्तीय संघ संस्था/गैरसरकारी संस्था | |
| १४.१ | बाणिज्य बैङ्क क वर्ग | ५००० |
| १४.२ | विकास बैङ्क ख वर्ग | ४००० |
| १४.३ | वित्त तथा फाईनान्स कम्पनी ग वर्ग | ३००० |

| | | |
|---|---|---|
| १४.४ | लघुवित्त कम्पनी घ वर्ग | २००० |
| १४.५ | गाउँपालिका कार्य क्षेत्र भएको सहकारी संस्था | १००० |
| १४.६ | विदेशी मुद्रा सटही काउन्टर तथा मनिट्रान्सफर | ८०० |
| १४.७ | अन्तराष्ट्रिय गैरसरकारी संस्था | ३००० |
| १४.८ | राष्ट्रिय गैरसरकारी संस्था | १५०० |
| १४.९ | सहकारी सस्थाहरु तथा IME | १००० |
| १४.१० | एफ.एम.रेडियो | २००० |
| **१५** | **जुत्ता/चप्पल/कपडा तथा फेन्सी पसल** | |
| १५.१ | जुत्ता तथा चप्पलको खुद्रा बिक्रेता/फेन्सी खुद्रा बिक्रेता/थान कपडा खुद्रा बिक्रेता | ५०० |
| **१६** | **सवारी साधन/सवारी साधनको पार्ट्स/मेसिनरी सामान बिक्री तथा मर्मत** | |
| १६.११ | हेभी गाडी तथा मेसिनरी मर्मत | १५०० |
| १६.१२ | लाईट गाडी तथा अन्य सवारी साधन सर्भिसिङ तथा मर्मत | १००० |
| १६.१३ | मोटरसाइकल मर्मत पसल | ५०० |
| **१७** | **पेट्रोलियम पदार्थ/स्टेशनरी तथा पुस्तक/खाद्यान्न तथा अन्य पसल व्यवसाय** | |
| १७.१ | कोल्ड ड्रिङसको खुद्रा बिक्रेता | ७५० |
| १७.२ | पेट्रोल वेच्नको लागि फुटकर बिक्रेता | २००० |
| १७.३ | स्टेशनरी तथा पुस्तकको खुद्रा बिक्रेता | २०० |
| १७.४ | स्टेशनरी तथा पुस्तकको खुद्रा बिक्रेता/घ्यू तथा तेलजन्य पदार्थ सप्लायर्स/अन्य खुद्रा किराना पसल | १५०० |
| १७.५ | खाद्यान्न पदार्थ/अन्य किराना पसल तथा खुद्रा किराना पसल | ५०० |
| १७.६ | घुम्ती पसल | २५० |
| **१८** | **छापाखाना/अफसेट/प्रिन्टिङ प्रेस/कलर ल्याब/फोटो स्टुडियो** | |
| १८.१ | फोटो स्टुडियो | २५० |
| १९ | **ग्यारेज सर्भिसिङ सेन्टर** | |
| १९.१ | ग्यारेज सर्भिसिङ पसल र खुद्रा विक्रेता | १००० |
| **२०** | **विभिन्न फर्महरु/व्यवसायहरु** | - |
| २०.१ | बाख्रा फर्म | १००० |

| | | |
|---|---|---|
| २०.२ | गाईभैसी फर्म | ५०० |
| २०.३ | कुखुरा तथा पशुपंछी फर्म | १५०० |
| २१ | **साइन वोर्ड आर्ट व्यवसाय** | - |
| २१.१ | डिजिटल आर्ट | १००० |
| २१.२ | अन्य आर्ट | ५०० |
| २२ | **अन्य व्यावसाय** | - |
| २२.१ | सिलाइ सामाग्री पसल | ५५० |
| २२.२ | सिलाइ मेसिन मर्मत | ३३० |
| २२.३ | जुत्ता उद्योग तथा सोरुम | ४५०० |
| २२.४ | जुत्ता सोरुम मात्र | १५०० |
| २२.५ | जुत्ता मर्मत (अन्य उद्योग) | ५०० |
| २२.६ | झाडु/चकटी उद्योग तथा चकटीको थोक र खुद्रा विक्रेता | १५०० |
| २२.७ | समूह दर्ता | ५०० |
| २२.८ | फर्म दर्ता | १५०० |

**नोट व्यावसाय नविकरण :शुल्क वार्षिक कर शुल्क को आधा लगाइने छ र निर्माण व्यावसाय घ वर्ग को रु ५००० लगाइने छ ।**

**अनुसुची ९**

**(दफा १० सँग सम्बन्धित)**

**जडिबुटी, कवाडी र मृत जीवजन्तु कर (११६३२)**

| सि नं | विवरण | इकाई | आ.व २०८२।०८३ दर |
|---|---|---|---|
| १ | उन | प्रति केजी | १ रुपैया |
| २ | खोटो | प्रति केजी | १ रुपैया |
| ३ | टिमुर दाना | प्रति केजी | ५ रुपैया |
| ४ | वावियो, छवाली, निगालो , लोक्ता तथा कुच्चो | प्रति गाडी | १५० रुपैया |
| ५ | सिसौ साल | प्रति ट्रक | ३०० रुपैयाँ |

| | | | |
|---|---|---|---|
| ६ | अन्य काठ | प्रति ट्रक | २०० रुपैयाँ |
| ७ | काइनाइट पत्थर | प्रति केजी | ५००० रुपैया |
| ८ | अल्लो | प्रति केजी | १ रुपैया |
| **कवाडी तर्फ** | | | |
| १ | मिनरल वाटर बोतल | प्रति गोटा | १० पैसा |
| २ | खाली सिसि वियर | प्रति गोटा | ५० पैसा |
| ३ | प्लाष्टिक बोतल, भाडाकुडा, जुत्ता चप्पल , जर्किन | प्रति केजी | ५० पेसा |
| ४ | खालि बोरा जुट प्लाष्टिक | प्रति गोटा | ५० पैसा |
| ५ | तेलको खाली टिन | प्रति गोटा | २ रुपैया |
| ६ | टायर ट्युव | प्रति केजी | २ रुपैया |
| ७ | फलाम | प्रति केजी | ५० पैसा |
| ८ | पितल तामा तथा अन्य | प्रति केजी | ५ रुपैया |
| जिवजन्तु निकासी | | | |
| १ | राँगा ,भैसि प्रति जिउ | प्रति जिउ | रु. ५०० |
| २ | गाई ,गोरु प्रति जीउ | प्रति जिउ | रु. ३५० |
| ३ | पडा पाडी प्रति जीउ | प्रति जिउ | रु २५० |
| ४ | बाच्छा बाच्छी प्रति जीउ | प्रति जिउ | रु.१०० |
| ५ | खसि, बाखा भेडा प्रति जीउ | प्रति जिउ | रु.२५० |
| ६ | बखाको पाठो प्रति जीउ | प्रति जिउ | रु.१०० |

## अनुसुची १०
## (दफा ११ सँग सम्बन्धित)
## अनुमति दस्तुर/प्रशासनिक सेवा शुल्क

| सिन. | राजस्व शीर्षकको विवरण | इकाई | आ.ब ०८२।०८३ दर |
|---|---|---|---|
| १ | ट्र्याक्टर | प्रतिवर्ष | १०००० |
| २ | टिप्पर र ट्रक | प्रतिवर्ष | १२००० |
| ३ | भारी उपकरण (लोडर/ब्याकलोडर) | प्रतिवर्ष | २५००० |
| ४ | एक्साभेटर | प्रतिवर्ष | ४०००० |

| सिन. | राजस्व शीर्षकको विवरण | इकाई | आ.ब ०८२।०८३ दर |
|---|---|---|---|
| ५ | निर्माण व्यवसायी सूचिकृत | प्रतिवर्ष | ५000 |
| ६ | इन्जिनियरिङ परामर्श सेवा सुचिकृत | प्रतिवर्ष | ३००० |
| ७ | अन्य फर्म सुचिकृत | प्रतिवर्ष | २००० |
| ८ | पालिका हल भाडा पालिका बाहिरी निकाय | प्रतिदिन | १००० |
| ९ | पालिका हल भाडा पालिका कार्यालय भित्र | प्रतिदिन | ५०० |
| १० | पालिका जेनेरेटर तथा टेन्ट भाडामा | प्रतिदिन | १००० |
| ११ | पालिका अन्य इलेक्ट्रोनिक उपकरण भाडाँमा | प्रतिदिन | ५०० |
| १२ | खानेपानी मुहान दर्ता तथा नविकरण | वार्षिक | १०००।५०० |
| १३ | **घुम्ती व्यावसाय** | | |
| १३.१ | फेन्सी व्यावसाय | प्रति दिन | ३०० |
| १३.२ | हार्डवयर (भाडँकुडा) | प्रति दिन | ५०० |
| १३.३ | औषधी जन्य जडुबुटी तथा अन्य | प्रति दिन | २०० |
| १३.४ | अन्य व्यावसाय | प्रति दिन | ३०० |

**अनुसुची ११**
**दफा १२ सँग सम्बन्धित)**
**पार्किङ शुल्कः(१४२४१)**

| क्र.सं. | विवरण | रकम रु. ०८२।०८३ |
|---|---|---|
| 1 | मोटरसाइकल | 10 |
| 2 | साइकल | 5 |
| 3 | आटो रिक्सा/ई रिक्सा | 15 |
| 4 | जिप/कार/ट्रयाक्टर | 20 |
| 5 | बस, ट्रक | 30 |

## अनुसुची १२
## (दफा १४ सँग सम्बन्धित)
## विक्रि तथा निकासी शुल्क

| क्र.सं. | विवरण | | रकम रु. ०८२।०८३ |
|---|---|---|---|
| 1 | ढुङ्गा | प्रति घन फिट | प्रति घनफिट रु 5 रुपैयाका दरले |
| 2 | गिट्टी | प्रति घन फिट | |
| 3 | बालुवा | प्रति घन फिट | |
| 4 | खरि ढुङ्गा | प्रति घन फिट | |
| 5 | माटो | प्रति घन फिट | |

## अनुसूची १३
## (दफा १४ संग सम्वन्धित १४२१९)
## सेवा शुल्क तथा अन्य दस्तुर

| क | सिफारिस दस्तुर | आ.व २०८२।०८३ दर |
|---|---|---|
| १ | चारकिल्ला सिफारिस प्रमाणित दस्तुर/ | |
| | १.चारकिल्ला प्रमाणित (बैकिङ्ग प्रयोजनको लागि) सिफारिस | 500 |
| | २.चारकिल्ला प्रमाणित (अन्य प्रयोजनको लागि) सिफारिस | 350 |
| २. | घर भएकोनभएको जग्गा खरिद बिक्री बकसपत्र/, सट्टापट्टा आदि प्रयोजनको लागि मालपोत कार्यालय सिफारिस )मा(मुल्याङ्कनको .पो. | 0.25% |
| ३ | जग्गा वालाको मृत्यूपछि नामसारी वा अंशवण्डा प्रयोजनको लागि मालपोत कार्यालयलाई गरिने सिफारिस | 250 |
| ४. | नागरिकता (प्रतिलिपी) सिफारिस | २०० |
| ५ | व्यवसाय दर्ता सञ्चालन सिफारिस | 500 |

| | | |
|---|---|---|
| ६ | मदिरा व्यवसाय सिफारिस | 1100 |
| ७ | स्वेदशको लागि सामान्य सिफारिस दस्तुर | 200 |
| ८. | पेन्सन पट्टा सिफारिस (स्वेदशी संस्थामा) | 500 |
| ९ | पेन्सन पट्टा सिफारिस (विदेशी संस्थामा) | ३०० |
| १० | विदेश सिफारिस अंग्रेजीमा प्रत्येक सिफारिस | ३०० |
| ११. | खानेपानी, विद्युत टेलिफोनजडान र नामसारी ठाउँसारी सिफारिस (आवासिय) | 200 |
| १२ | खानेपानी, विद्युत टेलिफोन जडान र नामसारी ठाउँसारी सिफारिस (व्यवसायिक) | २00 |
| १३ | सर्जमिन दस्तुर | |
| | १अङ्गीकृत.को नागरिकताको सिफारिस गर्दा | 500 |
| | २.ठुलो उद्योग स्थापनाको लागि सर्जिमिन र सिफारिस गर्दा वडामा लाग्ने दस्तुर | १०००० |
| | ३.मझौला उद्योग स्थापनाको लागि सर्जिमिन | 5000 |
| | ४.साना उद्योग स्थापनाको लागि सर्जिमिन | 2000 |
| | ५.अन्य प्रयोजनको लागि सर्जिमिन गर्दा | ५०० |
| १४ | विद्युत जडान सिफारिस धरौटी | २०० |
| १५ | विद्युत जडान सिफारिस किता नम्बरमा | २०० |
| १६ | अंग्रेजी नाता प्रमाणित | ३०० |
| १७ | अंग्रेजी आम्दानी प्रमाणित | ५०० |
| १८ | अंग्रेजी कर मुल्याङ्कन प्रमाणित | ५०० |
| १९ | अंग्रेजी आम्दानी स्रोत प्रमाणित | ५०० |
| २० | स्थायी ठेगाना प्रमाणित | २०० |
| **ख** | **अन्य दस्तुर** | |
| १ | कक्षा ८ लब्धाङ्क पत्र सच्याएको | २०० |
| ३ | नयाँ पसल व्यवसाय स्थापना सिफारिस | ३०० |
| ४ | पसल तथा उद्योग बन्द सिफारिस | १००० |
| ५ | पशुपालन फर्म स्थापना सिफारिस | ५००। थप सेवा को लागि प्रति सेवा १०० |

| | | |
|---|---|---|
| ६ | अन्य नतोकिएको सिफारिस शुल्क | २०० |
| **ग** | **अन्य प्रशासनिक सेवा दस्तुर** | |
| १. | निवेदन दस्तुर | 20 |
| २ | नक्सापास किताव | १०00 |
| ३ | नागरिकता फाराम | निशुल्क |
| ४ | प्रतिलिपि दस्तुर (A4 वा सो भन्दा सानो साइज) | ५० |
| ५ | प्रतिलिपि दस्तुर (A4 वा सो भन्दा ठुलो साइज ) | १०० |
| ६. | ट्रेस नक्सा निर्माण तथा प्रमाणित | २०० |
| | १ .पहिलो १ कित्ता माग भएमा | ५० |
| | २ .ट्रेस नक्सा प्रमाणित मात्र | १०० |
| | ३ .पहिलो १ कित्ता माग भएमा | 200 |
| | ४ .ट्रेस नक्सा १ कित्ता माग भएमा थप प्रति कित्ता | ५० |
| ७ | मिलापत्र दस्तुर | २०० |
| ८ | प्रतिलिपि दस्तुर परिचयपत्र | २०० |
| ९. | घर ब्लक दस्तुर | |
| | १.कच्ची घर | ७५ |
| | २.पक्की घर एक तल्ले | १०० |
| | ३.एक तला भन्दा बढी प्रति तला थप | १०० |
| | ४.गाउँ ब्लक जग्गा धनि प्रमाण पुर्जा प्राप्तिको लागि सिफारिस प्रति धुर | १०० |
| १० | घरायसी लेनदेन कागजको रोहवर दस्तुर | |
| | १.एक लाख सम्मको | २०० |
| | २.त्यसपछिको प्रति लाखमा थप | ५० |
| ११ | आय श्रोत प्रमाणित सिफारिस विद्यार्थीलाई अध्ययन) प्रयोजनका लागी ५०% छुटदिइनेछ ।) | 0.5% |
| १२ | चल ) अचल सम्पति मुल्याङ्कन सिफारिस/कुल सम्पतिको | 0=१०% |

| | | |
|---|---|---|
| १३ | अमिन सेवा शुल्क प्रति कित्ता | |
| | १. वडा नं १ र ६ | 2000 |
| | २ वडा नं २ | १५00 |
| | ३ वडा नं ३ ४ र ५ | 1000 |
| १४ | घर भाँडा सम्झौता सिफारिस शुल्क | २000। |

| घ | पशुपंक्षी उपचारको लागि नाम दर्ता शुल्क | आव २०८२।०८३ दर रेट |
|---|---|---|
| १ | उपचारका लागि नाम दर्ता शुल्क (पंक्षी जातहरु कुखुरा हाँस लगायत) | ५ |
| २ | उपचारका लागि नाम दर्ता शुल्क (भेडा, बाख्रा, सुंगुर, बुँगुर लगायत) | १५ |
| ३ | उपचारका लागि नाम दर्ता शुल्क (गाई, गोरु, राँगा, भैंसी लगायत) | १५ |
| ४ | उपचारका लागि नाम दर्ता शुल्क (कुकर, बिरालो लगायत) | 20 |
| ५ | उपचारका लागि नाम दर्ता शुल्क (घोडा खच्चर लगायत) | १०० |
| **ङ** | **पशुपन्छी विकास शाखा तर्फको प्रयोगशाला सेवा शुल्क** | |
| १ | गोबर परीक्षण | १०० |
| २ | थुनेलो परीक्षण | १५० |
| **च** | **पशुपन्छी विकास शाखा तर्फको पोष्टमार्टम सेवा शुल्क** | |
| १ | पंक्षी जन्य तर्फ प्रति जिउ | २०० |
| २ | पशु तर्फ प्रति जीउ साना चौपाया (भेडा बाख्रा बंगुर सुंगुर लगायत साना घरपालुवा पशुहरु पाठा-पाठी बाहेक) | ६०० |
| ३ | पशु तर्फ प्रति जीउ ठुला चौपाया (गाई भैसी रांगा गोरु घोडा खच्चर लगायत ठुला पशुपंक्षी बाच्छा-बाच्छी पाडा-पाडी बाहेक) | २००० |
| **छ** | **पशुपन्छी विकास शाखाको कृतिम गर्भाधान तथा बन्ध्याकरण सेवा शुल्क** | |
| १ | कृतिम गर्भाधान शुल्क (गाई र भैसी मात्र) | २५० |
| २ | पशु बन्ध्याकरण (बोका सुगुर लयायत सानो पशु चौपाया तर्फ) शुल्क | १०० |
| ३ | पशु बन्ध्याकरण (बंगुर तथा सुगुर लगायत सानो पशु चौपाया तर्फ) शुल्क | २०० |
| ४ | कुकुर बन्ध्याकरण | ५०० |
| ५ | घोडा | १००० |
| ६ | पशु बन्ध्याकरण (बहर राँगो लयायत ठूलो पशु चौपाया तर्फ) शुल्क | १५० |
| **ज** | **घर जग्गा मूल्याङ्कन (विद्यार्थी प्रयोजन)** | |
| १ | पच्चीस लाख सम्म रु. | १००० |
| २ | पचास लाख सम्म रु. | १००० |
| ३ | एक करोड सम्म रु. | १००० |
| ४ | एक करोड भन्दा बढी रु. | १००० |
| **झ** | **घर जग्गा मूल्याङ्कन (विद्यार्थी बाहेक अन्य प्रयोजन)** | |

| | | |
|---|---|---|
| १ | पच्चीस लाख सम्म रु. | कुल मूल्याङ्कन अंकको ०.२५ प्रतिशत लाग्नेछ । |
| २ | पचास लाख सम्म रु. | |
| ३ | एक करोड सम्म रु. | |
| ४ | एक करोड भन्दा बढी रु. | |
| ञ | **आयस्रोत प्रमाणित (विद्यार्थी प्रयोजन)** | |
| १ | पाँच लाख सम्म रु. | १००० |
| २ | बीस लाख सम्म रु. | १००० |
| ३ | पचास लाख सम्म रु. | १००० |
| ४ | एक करोड सम्म रु. | १००० |
| ५ | एक करोड भन्दा बढी रु. | १००० |
| ट | **आयस्रोत प्रमाणित (विद्यार्थी बाहेक अन्य प्रयोजन)** | |
| १ | पाँच लाख सम्म रु. | कुल मूल्याङ्कन अंकको ०.३५ प्रतिशत लाग्नेछ । |
| २ | बीस लाख सम्म रु. | |
| ३ | पचास लाख सम्म रु. | |
| ४ | एक करोड सम्म रु. | |
| ५ | एक करोड भन्दा बढी रु. | |
| ठ | **घर नक्सापास दस्तुर तथा अभिलेखीकरण शुल्क** | |
| १ | RCC पक्की भवन नक्सापास दस्तुर व्यापारिक प्रयोजन प्रति वर्ग फिट | 1२ |
| २ | RCC पक्की भवन नक्सापास दस्तुर अन्य प्रयोजन प्रति वर्ग फिट | १० |
| ३ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर व्यापारिक प्रयोजन प्रति वर्ग फिट | ७ |
| ४ | ट्रस्ट मोडेल भवन नक्सापास दस्तुर अन्य प्रयोजन प्रति वर्ग फिट | 5 |
| ५ | घर अभिलेखीकरण शुल्क बार्षिक पक्की घर | ८०० |
| ६ | घर अभिलेखीकरण शुल्क बार्षिक अर्धपक्की टिन पत्थर घर | ५०० |
| ७ | घर अभिलेखीकरण शुल्क बार्षिक कच्ची घर | २५० |
| ८ | **सडक । बाटो प्रमाणित शुल्क** | ८०० |
| ड | **विद्यालय स्वीकृत/कक्षा थप स्वीकृत** | |
| १ | पुर्व प्राथमिक विद्यालय स्वीकृत दिए वापत | ५००० |
| २ | एक देखि पाँच कक्षा सम्मको आधारभुत विद्यालय स्वीकृत | १०००० |
| ३ | एक देखि आठ कक्षा सम्मको आधारभुत विद्यालय स्वीकृत | 15000 |

| | | |
|---|---|---|
| ४ | माध्यमिक विद्यालय स्वीकृत | 20000 |
| ५ | एक देखि पाँच कक्षा सम्मको आधारभुत विद्यालय कक्षा थप स्वीकृत | 1000 |
| ६ | एक देखि आठ कक्षा सम्मको आधारभुत विद्यालय कक्षा थप स्वीकृत | 2000 |
| ७ | कक्षा थप स्वीकृत माध्यमिक विद्यालय | 3000 |
| ढ | शैक्षिक सुधार शुल्क | |
| | १) एकिकृत सम्पति कर लिदा प्रति सम्पतिका धनि सग वार्षिक रुपमा लिइने शैक्षिक सुधार शुल्क | २०।— |
| | २)निजि विद्यालयहरु बाट लिइने शैक्षिक सुधार शूल्क वार्षिक मा.वि ११, १२ बाट | १५,०००।— |
| | ३)निजि विद्यालयहरु बाट लिइने शैक्षिक सुधार शूल्क वार्षिक मा.वि ९, १० बाट | १०,०००। |
| | ४)निजि आधारभूत तह ६,८ बाट | ८,०००।— |
| | ५)नीजि आधारभूत तह कक्षा १,५ | ५,०००। |
| | ६)घर जग्गा विक्रि हुदा विगतमा लिइदै आएको १ प्रतिशत शैक्षिक सुधार शुल्क लाई निरन्तरता दिइने । तर प्लटिङ्ग गरि जग्गा बेच्ने हरुका हकमा १.५ प्रतिशत शैक्षिक सुधार शुल्क लिइने छ । यसरी उठाइएका शैक्षिक सुधार शुल्क बाट सरकारी विद्यालयको स्तर उन्नति का लागी आवश्यक पर्ने सबै क्षेत्रमा खर्च गरिने छ | |
| **ण** | **योजना तथा कार्यक्रम सम्झौता सिफारिस तथा भुक्तानी दस्तुर** | |
| १ | ५ लाख सम्म | १०० |
| २ | ५ लाख देखि १० लाख सम्म | २५० |
| ३ | १० लाख देखि २५ लाख सम्म | ५०० |
| ४ | २५ लाख देखि ५० लाख सम्म | १००० |
| ५ | ५० देखि १ करोड सम्म | २००० |
| ६ | १ करोड देखि माथि | २५०० |
| त त | प्रथामिक स्वास्थ्य केन्द्र लकान्द्र बाट लिइने ल्याव तथा एम्बुलेन्स सेवा शुल्कहरु | |
| १ | ठाटिकाँध देखि जम्बुकाँध चामुण्डा | ४००० |
| २ | ठाटिकाँध देखि मटेला चामुण्डा | ३००० |
| ३ | ठाटीकाँध देखि आग्र तिलेपाटा | ४००० |
| ४ | ठाटीकाँध देखि छेपाडी | २५०० |

| | | |
|---|---|---|
| ५ | ठाटीकाँध  देखि सिंहासैन बजार | ५००० |
| ६ | ठाटीकाँध  देखि पिपलकोट | ६००० |
| ७ | ठाटीकाँध  देखि राकम कर्णाली | ५००० |
| ८ | ठाटीकाँध  देखि खिड्कीज्युला | ५५०० |
| ९ | ठाटीकाँध  देखि सिगौंडी | ४००० |
| १० | ठाटीकाँध  देखि सातला | ३००० |
| ११ | ठाटीकाँध  देखि जम्बुकाँध | ३००० |
| १२ | ठाटीकाँध  देखि चामुण्डा | ४००० |
| १३ | ठाटीकाँध  देखि दुल्लु | ५००० |
| १  १४ | ठाटीकाँध  देखि दैलेख बजार | ८००० |
| १४ | ठाटीकाँध  देखि सुर्खेत | ११००० |
| १६ | ठाटीकाँध  देखि नेपालगंज | १६००० |
| १७ | ठाटीकाँध देखि धनकोट | २००० |
| १८ | ठाटीकाँध देखि माझा डाँडा बजार गैरागाउँ | २८०० |
| १९ | ठाटिकाँध देखि बहाँकोट हुँदै गैरागाउँ | ३५०० |
| २० | ठाँटीकाँध देखि सातला हुदै तोलिपाटा | ५००० |
| २१ | ठाटीकाँध  देखि पादुका खोलासम्म | ५००० |
| २२ | ठाटीकाँध  देखि जम्बुकाँध हुदै सुर्खेत | ११००० |
| २३ | ठाटीकाँध  देखि चामुण्डा हुदै सुर्खेत | १२००० |
| २४ | ठाटीकाँध  देखि भैरवी गापा(कुसापानी बडलम्जी र डाँडीमाडी) | ५००० |
| २५ | ठाटीकाँध  देखि वयालपाटा अछाम | ११००० |
| २६ | ठाटीकाँध  देखि कालिकोट सम्म | ९००० |
| २७ | ठाटीकाँध  देखि जुम्ला | १२००० |
| २८ | ठाटीकाँध गापा वडा नं १  कोसेडी | १००० |
| २९ | ठाटीकाँध गापा वडा नं १  भैरवस्थान नदाइ र सिराडी | ६०० |
| ३० | ठाटीकाँध गापा वडा नं २ हुइता सम्म | १५०० |
| ३१ | ठाटीकाँध गापा वडा नं २ भिमपाइला | ६०० |
| ३२ | ठाटीकाँध गापा वडा नं २ विजारे | १२०० |
| ३३ | ठाटीकाँध गापा वडा नं २  जौचउर | १५०० |

| | | |
|---|---|---|
| ३४ | ठाटीकाँध गापा वडा नं २ सेरीपाटा | ६०० |
| ३५ | ठाटीकाँध गापा वडा नं ३ सुइयाँ | २००० |
| ३६ | ठाटीकाँध गापा वडा नं ३ बहाँकोट | ३००० |
| ३७ | ठाटीकाँध गापा वडा नं ३ भुवाखाडा विशालाटोल | २२०० |
| ३८ | ठाटीकाँध गापा वडा नं ३ खुडखुडी | ३२०० |
| ३९ | ठाटीकाँध गापा वडा नं ३ माझखर्क बहाँकोट हुदै | ३५०० |
| ४० | ठाँटीकाँध देखि गुयलसिम वडा नं ६ | ८०० |
| ४१ | ठाटीकाँध गापा वडा नं ५ अधिकारी चौर सम्म | २००० |
| ४२ | ठाटीकाँध गापा वडा नं ५ आग्र सम्म | १५०० |
| ४३ | ठाटीकाँध गापा वडा नं ६ छडाथान सम्म | ८०० |
| ४४ | ठाटीकाँध गापा वडा नं ६ पाँचला थापाटोल सम्म | ५०० |
| ४५ | ठाटीकाँध गापा वडा नं ६ ठुलीछडी सम्म | १००० |

## अनुसुचि १४
## दफा १५ सँग सम्बन्धित
## व्यक्तिगत घटना दर्ता दस्तुर(१४२४४) र नाता प्रमाणिता दस्तुर(१४२४५)

| सि.नं . | विवरण | आव २०८२।०८३ दर रेट |
|---|---|---|
| **१** | **व्यक्तिगत घटना दर्ता** | |
| १.१ | व्यक्तिगत घटना दर्ता (३५ दिन पछिको) | 200 |
| १.२ | व्यक्तिगत घटना दर्ता प्रतिलिपी | 500 |
| १.३ | व्यक्तिगत घटना दर्ता प्रमाणित अभिलेख खोजेको दस्तुर | 200 |
| १.४ | जन्म मिति प्रमाणित/ सिफारिस | 200 |
| १.५ | मृत्यु प्रमाणीत । सिफारिस | २०० |
| **२.** | **नाता प्रमाणित दस्तुर** | |
| २.१ | नाम, थर संसोधन सिफारिस | 200 |
| २.२ | नाता प्रमाणित सिफारिस /नाता कायम सिफारिस | 200 |
| २.३ | पारिवारीक विवरण सिफारिस | 200 |
| २.४ | बसोवास प्रमाणित सिफारिस | 200 |

| सि.नं . | विवरण | आव २०८२।०८३ दर रेट |
|---|---|---|
| २.५ | नावालक सिफारिस जन्ममिति प्रमाणित / सिफारिस | 200 |
| २.६ | बैवाहिक सम्बन्धमा प्रमाणित सिफारिस | 200 |
| २.७ | अविवाहित प्रमाणित सिफारिस | 200 |
| २.८ | व्यक्ति प्रमाणित सिफारिस | 200 |
| २.९ | सम्बन्ध विच्छेद सिफारिस | 200 |

**अनुसुचि १५**
**दफा १६ सँग सम्बन्धित**

**प्रशासनिक जरिवाना, विलम्ब शुल्क तथा पुरस्कार (१४३१२)**

| क्र.सं. | विवरण | रकम रु. ०८२।०८३ |
|---|---|---|
| **1** | **भुमि तथा मालपोत, सम्पत्ति कर, घर कर र व्यवसायिक कर असुल गर्दा तपसिल बमोजिम छुट तथा जरिवाना दिने ।** | |
| 1=1 | आ.व.को पहिलो चौमासिकमा बुझाउन आउने करदाताहरुलाई १० प्रतिशत छुट दिइनेछ । | |
| 1=2 | आ.व.को दोश्रो चौमासिकमा बुझाउने आउनेलाई ५ प्रतिशत छुट दिनइनेछ । | |
| 1=3 | आ.व.को तेस्रो चौमासिकमा बुझाउन आउनेलाई कुनै छुट दिनइनेछैन । | |
| 1=4 | गत वर्षको कर तिर्न बाकि रहेका करदाताहरुलाई श्रावण महिना देखि कर तिर्न आएमा १० प्रतिशतले जरिवाना लगाइनेछ । | |
| 1=5 | तेस्रो वर्ष कर तिर्न आउनेलाई २० प्रतिशतले थप जरिवाना लगाइनेछ । | |
| 1=6 | चौथो आ.व. देखि माथि सम्मको नबुझाएकोलाई ३५ प्रतिशत थप जरिवाना लगाइनेछ । | |
| **2** | **एउटै पसल भित्र मिल्दाजुल्दा सामानहरु राखि व्यवसाय सञ्चालन गरिरहेका व्यवसायिहरुको करको दर कायम गर्दा पसलमा ठुलो परिमाणमा रहेको सामग्रीलाई आधार मानि एउटै करको दर कायम गरिनेछ तर आधिकारीक डिलर लिई व्यवसाय सञ्चालन गरेको हकमा भने डिलरको आधारमा अलग अलग कर बुझाउनु पर्नेछ ।** | |

| | | |
|---|---|---|
| **3** | **पशु चौपाया छाडा छोडेर वा निर्माण सामाग्री सडकमा राखेर सडक अवरोध गरेमा** | |
| 3=1 | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा पहिलो पटकलाई | 500 |
| 3=2 | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा दोस्रो पटकलाई | 1000 |
| 3=3 | सडक छेउमा निर्माण सामग्री राखेर वा सडकको नालीमा सामाग्री राखेर तथा पशु चौपाय वाधी सडक अवरोध गरेमा तेस्रो पटक वा सो भन्दा बढी | 1500 |
| **4** | **ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरेमा** | |
| ४.१ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरको पाईएमा पहिलो पटकलाई | 3000 |
| ४.२ | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरको पाईएमा दोस्रो पटकलाई | 5000 |
| 5 | ईजाजत विना कसैले मदिरा जन्य पदार्थ, सूर्तिजन्य मालसामान विक्रि वितरण गरको पाईएमा तेस्रो पटक वा सो भन्दा बढी | 10000 |
| 6 | आफ्नो घर,पसल,उद्योग अगाडीको सडक तथा आगन स्वयम् सफा राख्नुपर्नेछ ।तोकिएको मापदण्ड विपरीत फोहोर गरेको पाईएमा निम्न बमोजिम जरिवाना लगाईनेछ । | |
| 6=1 | प्रथम पटकलाई | 250 |
| 6=2 | दोस्रो पटकलाई | 500 |
| 6=3 | तेस्रो पटक वा सो भन्दा बढी | 1000 |
| **7** | **गाउँपालिकाको नियम पालना नगरेमा वा नगरपालिकाको निर्देशन अटेर गरेमा** | |
| 7=1 | प्रथम पटकलाई | 500 |
| 7=2 | दोस्रो पटकलाई | 2500 |
| 7=3 | तेस्रो पटक वा सो भन्दा बढी | 5000 |
| **8** | **नदीजन्य पदार्थ उत्खनन तथा ओसार पसार सम्बन्धमा** | |
| 8=1 | अनुमति बिना नदीजन्य पदार्थ उत्खनन गर्ने उद्देश्यले नदीमा प्रवेश गरेमा प्रति सवारी साधन | 5000 |

| | | |
|---|---|---|
| 8=2 | अनुमति बिना नदीमा प्रवेश गरी नदीजन्य पदार्थ उत्खनन गरेमा प्रति सवारी साधन | 10000 |
| 8=3 | तोकिएको स्थानमा वाहेक अन्यत्रबाट नदीजन्य पदार्थ उत्खनन गरेमा (अनुमति लिएको भए समेत) | 10000 |

## अनुसुचि १६
## दफा १७ संग सम्बन्धित
## प्रदुषण नियन्त्रण तथा फोहोर मैला शुल्क १४५२१

| **फोहोरमैला व्यवस्थापन तथा प्रदुषक शुल्क बजारक्षेत्र** | **दर** |
|---|---|
| १. उद्योगहरु ठुला उद्योग जस्तै करसर, इट्टा, इन्टलक इट्टा, चिनि मदिरा जन्ने उद्योगहरु | ५,०००।—वार्षिक |
| २. काठ उद्योगहरु स मिल, ठुला राइस मिलहरु | ३,०००।— वार्षिक |
| ३. होटेल मासु पसलहरु प्रति महिना | २००।— |
| ४. अन्य व्यवसायिहरु प्रति महीना | १००।— |
| ५. बसोबास मात्र भएका घरहरु प्रति महिना ÷प्रती तला | ५०।१००।५०० |
| ८. उद्योगहरु मासिक | २००।— |
| अन्य व्यवसायिहरुको हकमा | २०।— |
| घर जग्गामात्र हुनेको हकमा मासिक | ५।— |

| | |
|---|---|
| प्रमाणीकरण मिति २०८२।०३।१० | आज्ञाले<br>तुलसी प्रसाद उपाध्याय<br>प्रमुख प्रशासकीय अधिकृत |